**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ वैशाख १० गते**

प्रदेश २ मा वैशाख १० गतेसम्म कोरोना भाइरसका शङ्कास्पद ६ सय २० जनाको स्वाब परीक्षण गरिएकोमा ६ सय ६ जनाको रिपोर्ट आएको छ । जसमध्ये ६ सय २ को रिपोर्ट नेगेटिभ आएको छ भने चार जनाको रिपोर्ट पोजेटिभ आएको छ । १४ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

त्यसैगरी, वैशाख १० गतेसम्म आरडीटी किटबाट परीक्षण ३ हजार ८ सय ७७ जनाको गरिएकोमा ३ हजार ८ सय ६९ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने आठ जनाको रिपोर्ट पोजेटिभ आएको छ । पोजेटिभ रिपोर्ट आएकामध्ये सात जनाको पीसीआर रिपोर्ट नेगेटिभ आएको छ भने एक जनाको रिपोर्ट आउँन बाँकी रहेको प्रदेश २ सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्रदेश २ मा वैशाख १० गतेसम्म १ हजार १ सय ८८ जना क्वारेन्टाइनमा रहेका छन् भने २ हजार ४ सय १९ जना होम क्वारेन्टाइनमा रहेका छन् । प्रदेश २ मा कोरोना आशङ्का गरिएका १४ जना विरामी आइसोलेशन वार्डमा उपचारार्थ छन् ।

कोरोना भाइरस सङ्क्रमणलाई मध्यनजर गर्दै सरकारले लागु गरेको लकडाउनका कारण प्रदेशको शैक्षिक गतिविधिमा बाधा पुगेको छ । यसैसन्दर्भमा सामाजिक विकास मन्त्रालयको पहलमा वैशाख १० गते प्रदेशका आठ ओटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख तथा युनिसेफ, सेभ द चिल्ड्रेन लगायत अन्य दातृ निकाय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाका प्रतिनिधिहरूको सहभागितामा अनलाइन बैठक बसी मन्त्रालयको नेतृत्वमा १४ सदस्यीय शिक्षा समूह अर्थात एजुकेशन क्लस्टर समन्वय समिति कोभिड- १९ गठन गर्ने निर्णय गरेको छ । बैठकले हालको अवस्थालाई मध्यनजर गरी अहिलेसम्म भइरहेको कार्यक्रम तथा प्रयासलाई प्रभावकारी बनाउने विषयका साथै प्रतिकार्य योजना कार्यान्वयन एवम् अनुगमन गर्नका लागि यो समिति गठन गरिएको मन्त्रालयले जनाएको छ ।

प्रदेश २ अन्तर्गतका जिल्लामा स्थित ७५ वटा विद्यालयमा क्वारेन्टाइन स्थापना गरिएकोमा समितिले शिक्षा विकास तथा समन्वय इकाइमार्फत स्थानीय सरकारसँग समन्वय गरी प्रत्येक विद्यालयको तथ्याङ्क सङ्कलन तथा लेखाजोखा गर्ने छ र शिक्षा विकास तथा समन्वय इकाइले सङ्कलित तथ्याङ्कको समग्र प्रतिवेदन तयार गरी प्रदेश क्लस्टरलाई बुझाउने व्यवस्था मिलाइएको छ । सामाजिक विकास मन्त्रालयले उक्त एकीकृत प्रतिवेदनलाई अन्तिम रूप दिई शिक्षा समूहमार्फत प्रतिकार्य योजना तयार गर्ने कार्यको निर्णय गरिएको छ ।

कोरोना महामारीले गर्दा उत्पन्न परिस्थितिमा महिलाहरूको हिंसाको अवस्था र स्थानीय निकाय तथा सुरक्षाकर्मीहरूले तयारी गरेको सुरक्षा योजनाको अनुगमन गर्न इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार लगायत सिरहामा क्रियाशिल सङ्घ संस्थाका प्रतिनिधिहरुको संयुक्त टोलीले गोलबजार, मिर्चैया र कल्याणपुर नगरपालिकामा वैशाख १० गते अनुगमन गरेको छ । बढ्दो महिला हिंसाको अवस्थालाई मध्यनजर गर्दै जिल्लामा एक ओटा छुट्टै महिला क्वारेन्टाइन निर्माण तथा सुरक्षा बासको लागी गोलबजारका नगर प्रमुख तथा मिर्चैयाका नगर प्रमुख श्रवण यादवसँग छलफल गरेको छ । यसैबीच टोलीले कर्जन्हा नगरपालिकामा घरेलु हिंसा पीडितलाई भेटेर घटना बारे जानकारी लिएको छ ।

लकडाउनलाई प्रभावकारी बनाउन रौतहटको फतुवाबिजयपुर नगरपालिका र इलाका प्रहरी कार्यालय विजयपुर प्रहरीको सहयोगमा वैशाख ९ गतेदेखि जनप्रतिनिधि, शिक्षक तथा समाजका अगुवा वर्ग सम्मिलित स्वयम्सेवक गठन गरी परिचालन गरिएको छ । स्वयम्सेवक टोलीमा फतुवाविजयपुर नगरपालिका-८ का वडा अध्यक्ष सूर्यनारायण खाँ थारु, वडा-८ का वडाध्यक्ष उमाशङ्कर जयसवाल, वडा-९ का वडाध्यक्ष दिपनारायण चौधरी, शिक्षक राधेश्याम यादव, नेकपाका ऋषि ढुङ्गाना, कांग्रेसका

जयकरण यादव लगायत २३ जना रहेका छन् । स्वयम्सेवक टोलीलाई इलाका प्रहरी कार्यालय विजयपुरका इन्स्पेक्टर चन्द्र किशोर साहले प्रशिक्षण दिनु भएको थियो ।
पर्साको जिराभवानी गाउँपालिकामा राहत वितरणको विषयमा स्थानीय र सशस्त्र प्रहरी बिच झडप भएको छ । राहत बितरणमा ढिलाई भएको भन्दै वैशाख १० गते करिब ३ सयको सङ्ख्यामा दलित, विपन्न समुदायका व्यक्तिहरु गाउँपालिकाको कार्यालय घेराउ गर्न पुगेका थिए । झडपमा कृपा दैनीकका सम्वाद्दाता ३२ वर्षीय कृष्ण मोहन साह सहित सात जना सामान्य घाइते भएका छन् । उनीहरु स्थानीय स्वास्थ्य चौकमा उपचार पछि घर फर्किएका छन् । राहत वितरणमा ढिलो भएको भन्दै गाउँपालिका कार्यालय पुगेका स्थानीयले आक्रोशमा आएर ढुङ्गामुढा गर्न थालेपछि सशस्त्र प्रहरीले रोक्दा झडप भएको गाउँपालिकाकी उपाध्यक्ष उषादेवी थारुले बताउनु भयो ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेलका अनुसार** आरडिटी परीक्षणमा पोजेटिभ आएका एक जना र भारतबाट आएका एक जमाती गरी दुई जनाको स्वाब परीक्षणका लागि वैशाख १० गते धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ । जमातीको आरडिटी रिपोर्ट नेगेटिभ नै आए पनि निश्चितताका लागि पिसिआर विधिबाट परीक्षण गर्न पठाइएको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजले जनाएको छ । हालसम्म ४२ जनाको स्वाब धरान पठाइएकोमा ४० जनाको रिपोर्ट नेगेटिभ आएको छ ।
वैशाख १० गतेसम्म राजविराज अस्पतालले १ सय १७ जनासहित सप्तरीमा ६ सय ४ जनाको आरडिटी परीक्षण भएको छ । वैशाख १० गते मात्र अस्पतालले काठमाडौंबाट यात्रुवाहक बसमा आएका ३० जनासहित ३४ जनाको आरडिटी परीक्षण गरिएको छ । सो सहित सप्तरीमा वैशाख १० गते ८३ जनाको आरडिटी परीक्षण भएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयले जनाएको छ । हालसम्म ६ सय ४ जनाको आरडिटी परीक्षण भएको सप्तरीमा चार जनाको रिपोर्ट पोजेटिभ आएकोमा तीन जनाको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ भने एक जनाको वैशाख १० गते मात्र स्वाब पठाइएकोले रिपोर्ट आएको छैन् ।
सप्तरीको १८ ओटा स्थानीय तहले ३० स्थानमा ५ सय ७५ वेडको क्वारेन्टाइन सञ्चालन कायम राखेकोमा वैशाख १० गते १ सय २७ जना बसेका छन् । जसमा चार जना महिला छन् । वैशाख १० गते एक महिला र नौ जना पुरूष थप भएका छन् । सुरूङ्गा नगरपालिकाबाट चार जना, राजगढ गाउँपालिकाबाट ६ जना र बलान बिहुल गाउँपालिकाको क्वारेन्टाइनबाट सात जना गरी १७ जना निगरानी अबधि पुरा गरेर वैशाख १० गते घर फर्किएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार ४९ जना होम क्वारेन्टाइनमा रहेका छन् ।
चैत ९ गतेदेखि संचालित फिभर क्लिनिकमा वैशख १० गतेसम्म १ सय ८८ पुरूष र १ सय १७ महिला गरी ३ सय ५ जनाको ज्वरो जाँच भएको छ । राजविराज अस्पतालमा रहेको आइसोलेशनमा हालसम्म बसेका सात जनामा ६ जनाको रिपोर्ट नेगेटिभ आएपछि घर फर्काइएको छ ।
उदयपुरको त्रियुगा नपा-३ भुल्केमा फेला परेका कोरोना सङ्क्रमित २७ जनामध्ये दुई जना सप्तरीको सुरूङ्गा नपा-११ औराहा भजक्काको रहेको खबरले वडाको ठाउँ-ठाउँमा युवाहरूले बार लगाएर घेरेको वडा अध्यक्ष गयाप्रसाद चौधरीले बताउनु भयो । चौधरीका अनुसार आवतजावत समेत बन्द हुने गरी बाटोहरू अवरूद्ध पारिएको छ । सो क्षेत्रका बासिन्दाले वडालाई शिल गरी कोरोना परीक्षण तिब्र पार्न माग गरे पनि जनशक्ति र आरडिटी किटको अभावका परीक्षण हुन सकेको छैन ।

भुल्केमा फेला परेका सङ्क्रमितहरू सप्तरीको सप्तकोशी र कञ्चनरूप नगरपालिकाको विभिन्न मस्जिदमा बस्दै गएको पत्ता लागेपछि सो क्षेत्रमा मात्र वैशाख ६ देखि ९ गतेसम्म २ सय ३७ जनाको आरडिटी परीक्षण गरिएको छ ।

ठूलो सङ्ख्यामा सप्तकोशी, कञ्चनरूप लगायत कोरेन्टाइनमा बस्नेहरूको परीक्षण गर्नु परेकाले आरडिटी किट अभाव भएको स्वास्थ्य कार्यालयले जनाएको छ । स्वास्थ्य कार्यालय सप्तरीमा प्राप्त ८ सयमध्ये ७ सय ४० किट सकिएको निमित्त प्रमुख दुनियालाल यादवले जानकारी दिनु भयो । प्राथमिक स्वास्थ्य केन्द्र कञ्चनरूपलाई उपलब्ध गराइएको १ सय किट सकिएपछि जिल्ला स्वास्थ्य कार्यालयसँग माग गरेको सिनियर अहेव डम्बर गुप्ताले बताउनु भयो । यस्तै राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा आएको १ सय ६० मध्ये १ सय १७ किट सकिएको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासले जानकारी दिनु भयो ।

माग अनुसार आरडिटी किट, भिटिएम, पिपिई, मास्क, सेनिटाइजर, थर्मल गन आदि आपूर्ति हुन नसक्दा स्वास्थ्य सेवा प्रभावित हुन थालेको स्वास्थ्य कार्यालय निमित्त प्रमुख यादव बताउँछन् । इस्लाम धर्मावलम्बीहरूको धार्मिक सभा 'इज्तिमा' भएको बोदे बर्साइनमा नेपाली सेनाको सहयोगमा स्वाब सङ्कलन केन्द्र स्थापना गर्ने निर्णय भएको चार दिन बिते पनि भिटिएम र आरडिटी किटको अभावमा परीक्षण सुरू हुन सकेको छैन ।

बोदे बर्साइन नपा-५ जाँजरमा फागुन ३ देखि ५ गतेसम्म भएको 'इज्तिमा'मा १ लाख बढी इस्लाम धर्मालम्बीहरू भेला भएका थिए । 'इज्तिमा' मा भेला भएका जमातीहरू नै आफ्नो कार्यक्षेत्र बाँडेर फरक-फरक मस्जिद गएकाले सो क्षेत्र पनि जोखिमयुक्त भएको ठहर गर्दै बोदे बर्साइनमा स्वाब सङ्कलन राख्ने निर्णय भएको हो । नेपाली सेनाको चिकित्सकसहितको टोली स्वाब सङ्कलनका लागि तयारी अवस्थामा रहे पनि भिटिएमकै अभावले आउन पाएका छैनन् ।

जिल्लामा भिटिएम र आरडीटी किटलगायतका सामग्री माग भन्दा निकै कम प्रदेश सरकारले पठाएको निमित्त प्रमुख यादवले जानकारी दिनु भयो । 'किटको अभाव छ, उहाँले भन्नु भयो-'प्रदेश सरकारले एक-दुई दिनमा पठाइदिने आश्वासन दिएको छ ।' कोरोना सङ्क्रमणको जोखिममा रहेका स्वास्थ्यकर्मी, सञ्चारकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक लगायतको आरडीटी परीक्षण पनि हुन सकेकै छैन ।

अनुगमन, निरीक्षणका लागि वैशाख १० गते आएको प्रदेश २ को महिला तथा बालबालिका सामाजिक न्याय समितिसँग पनि अस्पतालका प्रमुख मेसु डा. दास र स्वास्थ्य कार्यालयका निमित्त प्रमुख यादवले स्वास्थ्य सामाग्री माग गर्नु भयो । आठ जना प्रदेश सांसदसहित आउनु भएका समितिका सभापति जैनुल राइनले यहाँको दुरावस्थाबारे जानकारी दिई प्रदेश सरकारलाई निर्णय भइसकेको पिसिआर मेशिन जडान गर्न र स्वास्थ्य सुरक्षा सामाग्रीहरू उपलब्ध गराउन निर्देशन दिने आश्वासन दिनु भयो । समितिले जिल्ला अस्पताल र कोरोना अस्पतालको रूपमा प्रदेश सरकारले स्तरोन्नती गर्न लागेको भारदह अस्पतालको निरीक्षण समेत गरेको छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियारका अनुसार** जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेका अनुसार क्वारेनटाइनमा शङ्कास्पद बिरामीहरूलाई निगरानीमा राख्ने क्रम जारी रहेको बताउनु भएको छ । वैशाख १० गकेसम्म १० जना महिला ६६ जना पुरूष गरी ७६ जना क्वारेन्टाइनमा बसिरहेको बताउनु भयो । त्यसैगरी होम क्वारेन्टाइनमा १४ महिला सहित १ सय ९१ जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले कोरोना परीक्षणको लागि आरडिटि किटबाट परीक्षण सुरू गरेको बताउनु भयो । वैशाख १० गते १० जनाको परीक्षण गरेको र सबैको नतिजा

निगेटिभ आएको बताउनु भयो । आजसम्म २ सय ६१ जनाको परीक्षण गरेको र सबैको नतिजा निगेटिभ आएको उहाँले बताउनु भयो ।
सिरहा नगरपालिकामा १० महिला र ८२ पुरूष, मिर्चैया नगरपालिकामा तीन पुरूष, बरियारपट्टी गाउँपालिकामा एक पुरूष, विष्णुपुर गाउँपालिकामा पाँच महिला र १३ पुरूष, गोलबजार नगरपालिकामा तीन महिला र ४० पुरूष, सुखिपुर नगरपालिकामा ६ जना पुरूष, लहान नगरपालिकामा १० जना पुरूष, नरहा गाउँपालिकामा दुई जना पुरूष, नवराजपुर गाउँपालिकामा सात जना पुरूष, अर्नमा गाउँपालिकामा एक महिला र १६ पुरूष, लक्ष्मीपुर पतारी गाउँपालिकामा एक महिला र ११ पुरूष, कल्याणपुर नगरपालिकामा पाँच जना पुरूष, कर्जन्हा नगरपालिकामा चार महिला र १६ जना पुरूष, औरही गाउँपालिकामा सात जना पुरूष र भगवानपुर गाउँपालिकामा १८ जना पुरूष गरी जम्मा २४ महिला र २ सय ३७ पुरूषको आरडिटि परीक्षण नेगेटिभ आएको प्रमुख यादवले बताउनु भयो ।
कोरोना महामारीले गर्दा उत्पन्न परिस्थितिमा महिलाहरूको हिंसाको अवस्था र स्थानीय निकाय तथा सुरक्षाकर्मीहरूले तयारी गरेको सुरक्षा योजनाको अनुगमन गर्न इन्सेक जिल्ला प्रतिनिधि तथा मानव अधिकार जिल्ला सञ्जालका संयोजक दुर्गा परियार, ओरेककी देवकुमारी महरा, मुक्ति नेपालकी श्यामकुमारी साह, संगम विक, मानव अधिकारकर्मी रामभरोसी महतो र शान्ति पासवानले गोलबजार, मिर्चैया र कल्याणपुर नगरपालिकामा वैशाख १० गते अनुगमन गरेका छन् ।
बढ्दो महिला हिंसाको अवस्थालाई मध्य नजर गर्दै जिल्लामा एउटा छुट्टै महिला क्वारेन्टाइन निर्माण तथा सुरक्षा बासको लागि गोलबजारका नगर प्रमुख तथा मिर्चैयाका नगर प्रमुख श्रवण यादवसँग छलफल गरीएको थियो भने कर्जन्हा नगरपालिकामा घरेलु हिंसा पीडितलाई भेटेर घटना अध्ययन गरिएको थियो ।
लक्ष्मीपुर पतारी गाउँपालिका-४ मा २ सय ३० परिवारलाई मा वैशाख १० गते राहत वितरण गरिएको अध्यक्ष रामवल्लभ साहले बताउनु भयो । अध्यक्ष साहका अनुसार ४ सय ७० परिवारलाई वितरण गर्ने योजना भए पनि पानीको कारणले वैशाख ९ गते बाँकी रहेकोले आज वितरण गरेको जानकारी दिनु भयो । उहाँका अनुसार चामल, दाल, आलु, साबुन, तेल र नुन लगायतका सामग्रीहरू वितरण गरिएको थियो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दिपेन्द्रप्रसाद सिंहका अनुसार** धनुषाको गणेशमान चारनाथ नगरपालिकामा वैशाख ९ गते सङ्कलन गरिएको १२ जनाको आरडिटी परीक्षणको परिणाम नेगेटिभ आएको छ । नगरपालिकाको क्वारेन्टाइन कक्षमा रहेका १२ जनाकै परीक्षण गरिएको हो । उहाँहरू सबैको रिपोर्ट निगेटिभ आएको नगरका उपप्रमुख मिनाकुमारी यादवले जानकारी दिनु भएको छ ।
नगरपालिकामा शङ्कास्पद व्यक्तिलाई राख्न सतर्कतासहितको क्वारेन्टाइन निर्माण गरिएको छ । कोरोना विरूद्ध लड्न सम्पूर्ण तयारीका साथ अलर्ट अवस्थामा रहेको उपप्रमुख यादवले बताउनु भयो ।
मिथिला नगरपालिकाले विभिन्न स्थानबाट पैदल यात्रा गर्दै महेन्द्र राजमार्ग अन्तर्गत मिथिला नगरपालिकाको सीमा क्षेत्रमा आइपुगेका पैदल यात्रीहरूलाई उद्दार गर्दै खाना खुवाउने कार्यलाई वैशाख १० गते समेत निरन्तरता दिएको छ ।
नगरपालिकाले वैशाख ६ गतेदेखि राजमार्गमा पैदल यात्रा गर्दै आएकालाई खाना खुवाई गाडी चढाएर जिल्लाको सीमा क्षेत्र कमला पुलसम्म पुऱ्याउने गरेको नगर प्रमुख हरिनारायण महतोले बताउनु भयो ।
कोरोना सङ्क्रमण फैलिन नदिन अपनाइएका विभिन्न सावधानीका कार्यहरूलाई नगरप्रमुख महतो र उपप्रमुख तारा लामाले निरन्तर रूपमा अनगुमन समेत गर्दै आएको बताउनु भयो । मेयर महतोले

लकडाउनमा देशको कुनै कुनामा समस्यामा परेका आफ्नो नगरका नागरिकको उद्दार गर्न सबैथोक तयारी गरेको समेत बताउनु भयो ।
गैर सरकारी संस्था आसमान नेपालले सहयोग स्वरूप प्रदेश सरकारलाई कारोना रोकथाम र सुरक्षाका लागि आवश्यक पर्ने सामग्रीहरू प्रदेश सरकारका समाजिक विकास मन्त्री नवल किशोर साहलाई वैशाख १० गते प्रदान गरेको छ ।
सहयोग सामग्रीहरूमा आइ आर थर्मोमिटर १० थान, ग्लोब्स ३८ थान, एन ९५ मास्क ५० थान, सामान्य मेडिकल मास्क ३ सय थान, मेडिकल चस्मा ३० थान, गाउन ९० थान, क्याप ३ सय थान र र सेनेटाइजर २ सय एमएलको १ सय थान रहेको छ ।
सहयोग सामग्री पाएपछि मन्त्री साहले गैर सरकारी संस्थाहरू, वितिय सङ्घ संस्थाहरू समेत महामारीका बेला समाज र प्रदेशको सुरक्षाका लागि देखाएको तत्परता सराहनीय रहेको भन्दै धन्यवाद समेत दिनु भएको छ ।
जनकपुरधाम उमनपा-७ स्थित जिरोमाइल युवा कमिटीले लकडाउनका कारण समस्यामा परेका व्यक्तिहरूलाई प्रत्येक दिन बिहानको समयमा निःशुल्क भोजनको व्यवस्थापन बिगत पाँच दिनदेखि गर्दै आएका छन् । इच्छुक दाताहरूको सहयोगमा क्लबले वैशाख ५ गतेदेखि निःशुल्क भोजनको व्यवस्था गर्दै आएको जिरोमाइल युवा कमिटीको महासचिव शिवशंकर मिश्रले बताउनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साहका अनुसार** जिल्लामा वैशाख १० गते आरडीटीबाट १ सय ९ जनाको स्वास्थ्य परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
प्रदेश २ का समाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जनाए अनुसार महोत्तरीमा १९ क्वारेन्टाइन रहेकोमा बेड सङ्ख्या ३ सय ८८ रहेको छ । जसमध्ये महोत्तरी जिल्लाको विभिन्न स्थानीय तहहरूको क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ८२ र होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ६ सय ६५ गरी जम्मा ७ सय ४७ जना क्वारेन्टाइनमा बसिरहेका छन् ।
हालसम्म महोत्तरीको विभिन्न क्वारेन्टाइनमा बसेका ११ जनाको स्वाब परीक्षण गरिएकोमा ११ जनाको रिर्पोट नेगेटिभ आएको छ ।
नेपालमा कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण फैलिन नदिने उद्देश्यले चौतर्फी सतर्कताका लागि सरकारले घोषणा गरेको 'लकडाउन' मा महोत्तरीबासी बिस्तारै अभ्यस्त हुँदै गएका छन् ।
कोभिड-१९ को सङ्क्रमण फैलिन नदिने उद्देश्यले सरकारले घर बाहिर ननिस्कन आह्वान गरेको लकडाउनलाई महोत्तरीका नागरिकले पूर्णरूपमा पालना गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।
जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता तथा डीएसपी माधवप्रसाद बुढाथोकीले अत्यावश्यक बाहेकका सम्पूर्ण सेवाहरू बन्द गरिएको बताउँदै लकडाउनको उल्लङ्घन नभएको बताउनु भयो ।
डीएसपी कार्कीले भन्नु भयो-'सबैले लकडाउन हाम्रै लागि हो भनेर सरकारी आदेशको पालना गरि रहेका छन्, सुरू सुरूमा अली अली उल्लङ्घन भएको थियो, आदेश नमान्नेका सवारी साधान नै नियन्त्रणमा लिन थालेपछि पूर्ण पालना भएको छ ।'
आज लकडाउन भएको एक महिना पुगेको छ । नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या ४५ पुगेपछि सबै तिर त्रास फैलिएको हुँदा लकडाउनको पूर्ण पालना भएको देखिन्छ ।
अर्को तर्फ महोत्तरीमा अटेरी गर्नेहरूका कारण नेपाली सेना, नेपाल र सशस्त्र प्रहरीको तैनाथी बढाएपछि 'लकडाउन' प्रभावकारी हुँदै गएको हो ।

महोत्तरीका मुख्य बजार केन्द्रहरू जलेश्वर, गौशला, वर्दिवास, रामगोपालपुर, औरही लगायतका क्षेत्रहरूको भित्री सडकमा फाट्टफुट्ट एकाध मानिस मोटरसाइकलमा देखिए पनि प्रमुख सडकहरूमा एम्बुलेन्स र प्रहरीका गाडीमात्र सञ्चालनमा देखिन्छन् ।

त्यसैगरी पूर्व पश्चिम राजमार्ग र विपी राजमार्गको जक्सनको रूपमा रहेको वर्दिवासका बजार र सडक पनि सुनसान देखिएको छ ।

वर्दिवासका स्थानीय सञ्चारकर्मी तथा मानव अधिकार रक्षक सञ्जाल महोत्तरीका सदस्य विक्रम रौनियारका अनुसार लकडाउनको अवज्ञा गर्नेलाई तह लगाउन प्रहरी परिचालन उचित देखिन्छ ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले पुरा तयारीका साथ सबैतिर प्रहरी परिचालन गरिएको बताउनु भयो । प्रमुख जिल्ला अधिकारी खत्रीले भन्नु भयो-'अटेरी गर्नेलाई थुन्ने आदेश भएकाले सोही बमोजिम गरिनेछ । अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, सुरक्षा निकायबाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुबाहक सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाइएको छ ।'

औषधोपचार, खाद्यवस्तु खरिदजस्ता अत्यावश्यक कामबाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कीए यो बेला सङ्क्रमण रोग ऐन- २०२० अर्न्तगत जारी आदेशको अवहेलना गर्ने वा काममा वाधा पुऱ्याउने व्यक्तिलाई ठहर गरी ऐन बमोजिम सजाय हुने व्यवस्था छ ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साहका अनुसार** चक्रघटा गाउँपालिकाले लकडाउनबाट प्रभावित अति विपन्न तथा गरिब परिवारहरूमा ०७७ वैशाख ९ गतेदेखि राहत वितरण कार्य सुरू गरेको छ.।

चक्रघटा गाउँपालिकामा जम्मा नौ ओटा वडा रहेको र त्यस मध्ये ४ सय अति विपन्न तथा गरिब परिवारहरू भएको वडा ७ नम्बर वडाबाट राहत वितरण कार्य सुरू गरिएको चक्रघटा गाउँपालिका अध्यक्ष विक्रम यादवले जानकारी दिनु भएको छ ।

वैशाख १० गते वडा नं. ५ मा ५ सय र वडा नं. ६ मा ५ सय गरी जम्मा १ हजार अति विपन्न तथा गरिब परिवारहरूले राहत पाउने गाउँपालिका अध्यक्ष यादवले जानकारी दिनु भएको छ ।

गाउँपालिका भरिका वडाहरूमा जम्मा गरी ४ हजार ४ सय अति विपन्न तथा गरिब परिवारहरूले राहत पाउने छन् ।

गाउँपालिकाले १ करोडको विपद व्यवस्थापन कोष खडा गरिएको भए पनि यो कोष मार्फत लकडाउन प्रभावित परिवारहरूलाई पहिलो चरणको राहत वितरण गरी लकडाउन लम्बिँदै गएपछि पुन दोश्रो चरणमा प्रभावित परिवारहरूमा राहत वितरण कार्य गरिने र १ करोडको विपद व्यवस्थापन कोषको स्थापना गर्दा धेरैमा भ्रम पनि सिर्जना भएको गाउँपालिका अध्यक्ष यादवले बताउनु भएको छ ।

विपद व्यवस्थापन कोष मार्फत अहिलेको वर्तमाण समस्या लगायत तराइको शितलहर, बाढिले हुने डुबान प्रभावित क्षेत्रमा समेत कार्य गरिने भएकोले राहत वितरणकै लागि १ करोड मात्र छुट्टयाएको प्रति भ्रममा नपर्न सबैसँग अनुरोध समेत गाउँपालिका अध्यक्ष यादवले गर्नु भएको छ ।

राहत वितरण कार्य सर्वदलीय समितिका कारण ढिलाई भए पनि अब सबै वडामा केहि दिन पहिलानै लागत सङ्कलन भइसकेकोले केहि दिनमै राहत वितरण कार्य सम्पन्न हुने अध्यक्ष यादवले बताउनु भएको छ ।

गाउँपालिकाले लकडाउन प्रभावित विपन्न परिवारहरूलाई चामल १५ किलो, एक किलो दाल, एक लिटर खाने तेल र एक किलो नुन वितरण गरिरहेको चक्रघटा गाउँपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत मुकेश पाठकले जानकारी गराउन भएको छ ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिनाका अनुसार** जिल्लामा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या १४ जना महिला र १ सय ७३ जना पूरूष गरी १ सय ८७ जना रहेका छन् । रौतहटमा हालसम्मा ६१ हजार ३ सय ४१ जनाको परीक्षण गरिएको छ ।

रौतहटको विभिन्न स्थानको क्वारेन्टाइनबाट घर फिर्ता गरिएको सङ्ख्या २ सय ५९ जना रहेको छ । हालसम्म रौतहटको विभिन्न क्वारेन्टाइनमा बसेका १ सय ६२ जनाको स्वाब परीक्षण गरिएकोमा १ सय ६१ जनाको रिर्पोट नेगेटीभ आएको छ भने एक जनाको रिर्पोट पोजेटिभ आएको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो । त्यस्तै आरडिटीबाट स्वास्थ्य परीक्षण ३ सय ७१ जनाको गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

रौतहटमा जम्मा ७ सय १ ओटा पीपीई रहेको छ भने ८ सय ५१ ओटा क्वारेन्टाइन बेड सङ्ख्या जिल्लामा व्यवस्था रहेको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो ।

त्यस्तै जिल्ला सुरक्षा समिति रौतहटको वैशाख १० गतेको बैठक अनुसार "रौतहट जिल्लामा घर भई काठमाडौं लगायत अन्य ठाउँमा अलपत्र परेका व्यक्तिहरूलाई स्थानिय तहहरूले उद्दार गरी ल्याउन चाहेमा स्थानीय तहहरूले सामूहिक रूपमा ल्याउनका लागि बसको पास माग भई आएमा पास उपलब्ध गराउन, त्यसरी आएका व्यक्तिहरूको स्थानीय तहबाट आरडीटी परीक्षण गरी होम क्वारेन्टाइनमा राख्ने, आरडीटी परीक्षण गर्न नसकेमा क्वारेन्टाइनमा राख्ने र आरडीटी उपलब्ध हुने बित्तिकै त्यस्ता व्यक्तिहरूको पनि आरडिटी परीक्षण गर्ने व्यवस्था मिलाउन सम्बन्धित स्थानीय तहहरूलाई लेखी पठाउने निर्णय गरीयो ।" भन्ने सूचना निर्णय भएको प्रमुख जिल्ला अधिकारीले बताउनु भयो ।

सरकारले कोराना भाइरस फैलन नदिन लकडाउन गरेको एक महिना पुगेको छ । यो एक महिनाको अवधिमा लकडाउनको मारमा दैनिक ज्याला मजदुरी गर्ने श्रमिकहरू परेका छन् । कतिपयले सरकारले उपलब्ध गराएको राहत पनि पाउन सकेका छैनन् । जसले गर्दा उनीहरू भोकभोकै पर्ने अवस्थामा पुगेका छन् । भोकभोकै पर्ने अवस्था भएपछि उनीहरू राजधानी छाडेर पैदलनै आफ्नो गन्तव्यमा लाग्दैछन् ।

यसैबीच रौतहटबाट काठमाडौँ उपत्यकामा रहेर दैनिक ज्यालामजदुरी गरी जीवनयापन गरीरहेका श्रमिक तथा दैनिक जीवनयापनका न्यूनतम आवश्यकता समेत पुरा गर्न नसक्ने अवस्थामा रहेकाहरूलाई विकास तथा प्रविधि सभापति कल्याणी खड्काको नेतृत्वको टोलीले सहयोग गर्ने भएको छ । सभापति खड्काले उपत्यकामा रहेका रौतहटवासीको कोरोना भाइरस तथा लकडाउनले असहज बनाएको दैनिकीलाई सहज बनाउन आफुहरूले सक्ने मद्धत गर्ने भन्दै अति आवश्यक सहयोगका लागि सिधै सम्पर्क गर्न आग्रह गर्नु भएको छ । उहाँले कोही पनि मार्कामा परेको जानकारी आउने बित्तिकै समस्या बुझ्रेर यथासक्दो चाँडो समाधान गर्ने भन्दै सङ्कटको बेला सबै एकजुट भएर सामना गर्नुपर्नेमा बताउनु भयो ।

लकडाउनलाई प्रभावकारी बनाउन फतुवाविजयपुर नगरपालिकाले प्रहरीको सहयोगमा स्वयम् सेवक परिचालन गरेको छ । विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरस नियन्त्रणको एक मात्र उपाय लकडाउनलाई प्रभावकारी बनाउन जनप्रतिनिधि, शिक्षक तथा समाजका अगुवा वर्ग सम्मिलित स्वयम् सेवक गठन गरी परिचालन गरिएको छ ।

फतुवाविजयपुर नगरपालिका र ईलाका प्रहरी कार्यालय विजयपुरले पहिलो चरणमा वडा नम्बर ७, ८ र ९ मा वैशाख ९ गते देखि २३ जना स्वयम् सेवक गठन गरी परिचालन गरेका छन् । स्वयम् सेवक परिचालनबाट हुने प्रभावकारीता देखिए सँगसँगै स्वयम् सेवक थप गरेर लैजाने योजना नगरपालिकाको रहेको छ । स्वयम् सेवक टोलीमा फतुवाविजयपुर नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष

सुर्यनारायण खाँ थारू, वडा नं. ८ का वडा अध्यक्ष उमाशंकर जयसवाल, वडा नं. ९ का वडा अध्यक्ष दिपनारायण चौधरी, शिक्षक राधेश्याम यादव, नेकपाका ऋषी ढुङ्गाना, काँग्रेसका जयकरण यादव लगायत २३ जना रहेका छन् । लकडाउनको पालन गरौ भन्ने व्यानर अंकित टिसर्ट लगाए स्वयम सेवकहरू परिचालित भएका छन् । स्वयम् सेवक टोलिलाई ईलाका प्रहरी कार्यालय विजयपुरका इन्स्पेक्टर चन्द्रकिशोर साहले प्रशिक्षण दिनु भएको थियो ।

त्यसैगरी, राहत वितरण गर्न बाँकी रहेका चन्द्रपुर नाप-५ का अतिविपन्न परिवारलाई आजदेखि राहत सामग्री पुन वितरण गर्न थालिएको छ । चन्द्रपुर नपा-५ को कार्यालय परिसरमा सामाजिक दुरी कायम गर्दै राहत सामग्री वितरण गरीएको हो । राहत सामग्री लिन आउनेहरूको वडा कार्यालयमा घुइचो रहेको छ । तर, प्रहरी र स्वयम् सेवकको सहयोगमा वडासमितिले सहज तरिकाले खाद्य सामग्री वितरण गरेको हो । खाद्य सामग्री पाएपछि अब आफ्नो जीवन निर्वाह हुने जोगिन्द्रदास तत्माले बताउनु भयो । वडा भित्र बसोबास गर्ने जो सकैलाई समान तरिकाबाट राहत सामग्री वितरण गर्ने र सबै नागरिकको उद्धार हुनु पर्दछ भन्ने मान्यताका साथ आफुले राहत सामग्री वितरणमा ध्यान दिएको वडा अध्यक्ष संजय काफ्लेले बताउनु भयो ।

चन्द्रपुर नगरपालिकाले वडा समिति मार्फत अतिविपन्न परिवारलाई राहत दिने क्रममा चन्द्रपुर नपा-७ ले वडाभित्रका असङ्गठित क्षेत्रमा काम गर्ने श्रमिक मजदुर वर्ग, रोजगारी गुमाएका दैनिक ज्यालादारी गर्ने अतिविपन्न परिवार र अतिविपन्न परिवारको छनोट गर्दै राहत वितरण गरेको छ ।

सर्वपक्षीय सहमति अनुसार सो वडाका १ हजार ४७ घरधुरीलाई राहत सामग्री वितरण गरीसकेको छ भने दिन बाँकी ४ सय ५० घरधुरीलाई वितरणको तयारी रहेको अध्यक्ष विष्णु उप्रेतीले बताउनु भयो । राहतमा ३० केजी चामल, तीन केजी दाल, दुई केजी चिनी, दुई लिटर तेल र चार पिस साबुन वितरण गरीएको अध्यक्ष उप्रेतीले बताउनु भयो । कोरोना भाइरसको कारण गत चैत ११ गतेदेखि देश लकडाउन भएपछि रोजगार गुमाएका अतिविपन्न परिवारलाई राहत दिने सरकारको नीति अनुरूप चन्द्रपुर नगरपालिकाको कार्यपालिका बैठकबाट वडा समिति मार्फत राहत विरतण गर्दै आएको छ । प्रतिनिधि मार्फत नामावली सङ्कलन गरेर राहत वितरणमा सहजता ल्याइएको हो ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेलका अनुसार** जिल्लामा क्वारेन्टाइन बेड सङ्ख्या ४ सय ४३ रहेकोमा १ सय ९० नागरिक क्वारेन्टाइनमा बसेको जिल्ला प्रशासन कार्यालयका सुचना अधिकारी ओम खड्काले बताउनु भएको छ । आइसोलेसन बेर्ड सङ्ख्या ४८ रहेकोमा तीन जना आइसोलेसनमा रहेर उपचार गराइरहेको खड्काले बताउनु भयो । कोरोना अस्पतलका लागि कलैया अस्पताललाई प्रदेश सरकारले घोषणा गरेको र आवश्यक सामग्री नआएकाले सुचारू नभएको उहाँले बताउनु भयो । परीक्षण कार्यमा तिब्रता ल्याउनपर्ने, लकडाउनको पालनामा सबैले कडाइ गर्न पर्ने, चाँड पर्व र बजारमा भिडभाड नगर्नका लागि सबैको ध्यान आकर्षण भएको उहाँले बताउनु भयो । बनावटी पीडितलाई राहत वितरण भएको चिन्ता र अति पीडितलाई राहत वितरण भएपनि अपुग भएको नागरिकको गुनासो आएको सुचना अधिकारी खड्काले बताउनु भयो ।

कलैया अस्पतालमा ३८ जना, कलैया उपमहानगरपालिकामा १४ जना, सिम्रोगढ नगरपालिकामा पाँच जना, महागढीमाई नगरपालिकामा आठ जना, पचरौता नगरपालिकामा १४ जना, बारागढी गाँउपालिकामा तीन जना, सुवर्ण गाउँपालिकामा १३ जना, आदर्शकोत्वाल गाउँपालिकमा पाँच जना, फेटा गाउँपालिकामा पाँच जना, जितपुरसिमरा उपमहानगरपालिकामा १० जना, निजगढ नगरपालिकामा ६ जना गरी जिल्लामा १ सय २७ जनाको कोरोना आरडिटी विधिबाट परीक्षण हुदाँ सबै नेगेटिभ आएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी ओम खड्काले बताउनु भयो ।

लकडाउनले शैक्षिक क्षेत्रमा समस्या भएकाले शिक्षा विकास ताथ समन्वय केन्द्र र जिल्ला समन्वय समितिले सहकार्यगरी शैक्षिक निकासका लागि सल्लाह गरेको खड्काले बताउनु भयो । उहाँले नौ ओटा विद्यालयमा क्वारेटाइन निर्माण भएको बताउनु भयो ।
नोवेल कोरोना कोभिड-१९ नियन्त्रण गर्न लकडाउनबाट प्रभावित पचरौता नगरपालिका-५ बेल्दारी टोलमा वैशाख ९ गते सरकारको मापडण्ड अनुसार अति विपन्न ४ सय १८ घरपरिवारलाई राहत वितरण गरेको नगर प्रमुख रमेशकुमार यादवले बताउनु भयो । यादवले लकडाउनको पूर्ण रूपमा पालना गर्न नगरबासीसँग आग्रह गर्दै कुनै समस्या भएमा समाधान गर्ने बताउनु भयो ।
निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विशक सेन ढकालले निजगढ नगरपालिकाले ०७५ सालमा विपद् व्यवस्थापन ऐन पारित गरेको र ०७६ मा निर्देशिमा पारित गरेकाले कोषमा रकम जम्मा गर्ने, खर्च गर्ने बिधि र प्रक्रिया तयार भएकाले कोराना कोभिड-१९ नियन्त्रण गर्ने आधार तयार भएको बताउनु भयो ।
प्रदेश सरकारले पठाएको १५ लाख र नगरपालिकाको कार्यालयले १ करोड १८ लाख रुपियाँ बैंक खातामा जम्मा गरी रकमको जोहो गर्न पहल गरिरहेकाले रकम सङ्कलन र खर्च गर्ने प्रशस्त नीति भएको नगर प्रमुख सुरेस खनालले बताउनु भयो । आवश्यक सामग्री खरिदका लागि आदेश दिएपछि सामग्रीका साथमा बिल कार्यपालिकाको बैठकले पास गरेपछि चेकबाट भुक्तानी हुने व्यवस्था रहेकाले रकम सदुपयोग हुने बताउनु भयो । घर बाहिर नजान, घरमा बस्दा सामाजिक दुरी कायम गरी बस्न र कुनै समस्या भएमा नगरपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र प्रहरीमा खबर गर्नका लागि नगर प्रमुख खनालले अनुरोध गर्नु भयो ।
आर्दशकोत्वाल गाउँपालिका-७ टोल कोतवाली, धावा टोला, बेलवा टोलामा कोरोना भाइरसबाट अति प्रभावित २ सय ९९ दलित, विपन्न परिवारलाई राहत वितरण गरेको वडा अध्यक्ष अलिउलाह अन्सारीले बताउनु भयो । प्रदेश सरकारको निर्देशिका अनुसार सर्वदलीय बैठकको निर्णय अनुसार गरिब तथा विपन्न परिवार पहिचान गरि मुसुरोको दाल, चामल, खाने तेल, नुन, चिनि, आलु, नुहाउने साबुन लगायतका खाद्य वस्तुहरू वितरण गरेको वडा सचिव असोक श्रीवास्तले बताउनु भयो ।
सोही गाउँपालिका-२ का १ सय ९५ अति विपन्न परिवारलाई २५ किलो चालम, तीन किलो दाल, चार किलो आलु, दुई किलो चिनी, एक लिटर खाने तेल, नुहाउने र कपडा धुने एक-एक ओटा साबुन वितरण गरेको वडा अध्यक्ष बिनोद कुर्मीले बताउनु भयो ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछानेका अनुसार** जिल्लाको जिराभवानी गाउँपालिकामा राहत वितरणको विषयमा स्थानीय र सशस्त्र प्रहरी बीच झडप भएको छ । राहत वितरणमा ढिलाई भएको भन्दै वैशाख १० गते करिब ३ सयको सङ्ख्यामा दलित, विपन्न वर्गका महिला, बालबालिका र पुरूषहरू दिउँसो गाउँपालिकको कार्यालय घेराउ गर्न पुगेका थिए ।
झडपमा कृपा दैनिकका सम्वाददाता ३२ वर्षीय कृष्णमोहन साह सहित सात जना सामान्य घाइते भएका छन् । उनीहरू स्थानीय स्वास्थ्य चौकीमा उपचार पछि घर फर्किएका छन् ।
राहत वितरणमा ढिलो भएको भन्दै गाउँपालिका कार्यालय पुगेका स्थानीयले आक्रोशमा आएर ढुङ्गामुडा गर्न थालेपछि सशस्त्र प्रहरीले रोक्दा झडप भएको गाउँपालिकाकी उपाध्यक्ष उषादेवी थारूले बताउनु भयो । लकडाउनका कारण प्रभावितका लागि राहत वितरण गर्न प्रदेश सरकारले गाउँपालिकामा १० लाख रुपियाँ पठाएको छ ।

तर, प्रदेश सरकारबाट आएको १० लाख रुपियाँ अपुग भएपछि रकम थप गर्ने प्रकृयामा लाग्दा राहत वितरणमा ढिला हुन पुगेको उपाध्यक्ष थारूले बताउनु भएको छ । राहत बोकेर आउँदै गरेको गाडी बाटोमै थियो थारूले भन्नु भयो-"गाडी नआइपुग्दै दःखद घटना भयो ।"

आज साँझसम्म राहतका सबै सामान आइपुग्ने र वैशाख ११ गतेदेखि सबै वडामा राहत वितरण गरिने उहाँले बताउनु भयो ।

जिराभवानी गाउँपालिका-२ का वडा अध्यक्ष महादेव महत्तो थारूले राहत वितरणका लागि कार्यालयमा गाँउपालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षहरू बीच छलफल भइरहेका बेला आक्रोशित स्थानीयले ढुङ्गामुडा गर्न थालेपछि स्थिति तनावग्रस्त बन्न पुगेको बताउनु भयो ।

स्थानीयले नौ ओटा सरकारी र प्राभेट गाडीहरू तोडफोड समेत गरेका छन् । ना १ ब ३५७८, ना १ ब ३५८८, ना १ ब ३५८६, ना १ ब ३५८७, ना २२ प २४३०, ना ५५ प ६४९४, ना ३५ प २३९, गाउँपालिकामा रहेका जेसीबी र रोलर फर्निचर लगायत सवरी तथा सामानहरू तोडफोड भएको वडा अध्यक्ष महादेव महतो थारूले बताउनु भयो । यसैबीच गाउँपालिकामा वडा  नं. ३ वाहेक अन्य वडामा राहत वितरण सम्पन्न भएको छ । गाउँपालिकाको वडा नं. १, २, ४ र ५ मा पहिलो चरणको राहत वितरण सम्पन्न भएको निमित्त प्रमुख प्रशासकीय अधिकृत मुन्नाकुमार रौनियारले बताउनु भयो  ।

राहतमा चामल २० किलो, दाल एक किलो, नुन एक किलो, आलु पाँच किलो, प्याज दुई किलो र तोरीको तेल एक लिटर वितरण गरिएको प्रशासकीय अधिकृत रौनियार जानकारी दिनु भायो । रौनियारका अनुसार एउटा वडामा १ सय ३५ घरदुरी गरी ६ सय ७५ घरदुरीलाई राहत वितरण गर्नु पर्नेमा हालसम्म ५ सय ४० घरधुरीलाई राहत वितरण गरिएको छ ।

पाँच ओटा वडा रहेको गाउँपालिकामा वडा नं. ३ वाहेक सबै वडामा राहत वितरण भइसकेको छ । प्रदेश सरकारले उपलब्ध गराएको १० लाख रुपियाँबाट पहिलो चरणको राहत वितरण भएको रौनीयारले बताउनु भयो ।

कोरोना भाइरस (कोभिड १९) सङ्क्रमण रोकथाम तथा नियन्त्रको लागि भएको लकडाउनमा समस्यामा परेका अति गरिब र विपन्न परिवारलाई मात्र पहिलो चरणको राहत वितरण गरिएको लेखा अधिकृत मिथिलेश कुशवाहाले बताउनु भयो । गाउँपालिकाबाट दोस्रो चरणको राहत विरतणको लागि सामग्री खरिद प्रक्रिया समेत अगाडी बढी सकेको उहाँले जानकारी दिनु भयो ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**